# एसियन ब्याट्रिज लिमिटेड

**रजिष्ट्रर्ड कार्यालयः** बुढीगंगा गाउँपालिका - ४, मोरङ
फोन नं. :०१–५९७०२९९, email :info@asianbatteries.com.np
web :www.asianbatteries.com.np

## दोस्रो वार्षिक साधारणसभा सम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मितिः

आदरणीय शेयरधनी महानुभावहरूः
एसियन ब्याट्रिज लि. को मिति २०८३।०५।२८ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार देहायका विवरण उपर छलफल गर्न कम्पनीको दोस्रो वार्षिक साधारणसभा निम्न, मिति, स्थान र समयमा बस्ने निर्णय भएको हुँदा कम्नीका सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीको लागि कम्पनी ऐनको दफा ६७ को उपदफा २ बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

**साधारणसभा हुने मिति, स्थान र समयः**

**मिति** : २०८३/०६/२५ गते
**स्थान** : कम्पनीको रजिष्ट्रर्ड कार्यालय बुढिगंगा गा.पा. ४, मोरङ्ग
**समय** : बिहान ११:०० बजे

**सामान्य प्रस्तावहरूः**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. ०८२।८३ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. आ.व. ०८२।८३ लेखापरीक्षण प्रतिवेदन वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरणमा छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व. ०८३।८४ को लागि लेखापरीक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. सञ्चालक समितिबाट मनोनित गरी रिक्त सञ्चालक पदमा नियुक्त गरिएका सञ्चालकहरूको अनुमोदन गर्ने सम्बधमा ।
५. विविध

**साधारणसभा सम्बन्धि थप जानकारी**

१. साधारणसभा प्रयोजनको लागि यस कम्पनीको मिति २०८३।०६।१६ गते सेयरधनी दर्ता किताब बन्द रहने छ । २०८३।०६।१५ गते सम्म कायम रहेका सेयरधनीले मात्र साधारणसभामा भाग लिन सक्नेछन् ।
२. सभामा उपस्थित हुने शेयरधनीले अनिवार्य रुपमा नागरिकताको प्रमाणपत्र वा आफ्नो फोटोसहित परिचय स्पष्ट खुल्ने आधिकारिक प्रमाणपत्र सहित सभामा भाग लिन अनुरोध छ ।
३. शेयरधनीको दस्तखतका लागि शेयरधनी उपस्थिति पुस्तिका दिनको १० बजेबाट खुल्ला गरिने छ ।
४.. साधारणसभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहाने शेयरधनीहरुले प्रचलित कम्पनी कानूनको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) नियुक्त गर्नु पर्नेछ । तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफै उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधिपत्र स्वःत बदर हुनेछ ।

५. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नेछ ।

६. साधारणसभामा भाग लिन आउने शेयरधनीहरू लाई यातायात, आवास तथा अन्य खर्चको सोधभर्ना कम्पनीबाट हुनेछैन ।

७. कुनै शेयरधनी महानुभावले छलफलका विषयहरु विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा ७ दिन अगावै सञ्चालक समितिको अध्यक्ष समक्ष लिखित रुपमा प्रस्ताव पेश गर्नु पर्नेछ । तर त्यस्तो प्रस्ताव साधारणसभामा छलफल वा पारित गर्नका लागि समावेश गर्ने वा नगर्ने अधिकार सञ्चालक सञ्चालक समितिमा निहित हुनेछ ।

सञ्चालक समितिको
आज्ञाले